*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

# प्रिज्मीय समाज र नेपाली राजनीतिक यथार्थता

इन्दिरा प्रसाई, उपप्राध्यापक, राजनीतिशास्त्र विभाग, महेन्द्र मोरङ आ. बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
Email: indiraprasaintu@gmail.com

**सारांश**

प्रस्तुत अध्ययनले फ्रेड डब्ल्यू. रिग्सको प्रिज्मीय वा प्रिज्म्याटिक मोडल र नेपालको आधुनिक लोकतान्त्रिक व्यवस्थामा यो मोडलको सार्थकतालाई उजागर गर्न खोजेको छ । यसले नेपालमा लोकतान्त्रिक आदर्श र व्यवहारिक शासन व्यवस्था बीचको अन्तरलाई व्याख्या गरेको छ । यो अध्ययनको लागि गुणात्मक पद्धति, व्याख्यात्मक विधि र द्वितीय स्रोतहरूको प्रयोग गरिएको छ । तुलनात्मक सार्वजनिक प्रशासनमा रिग्सको यो मोडलले प्रशासनिक संरचनाहरूको अध्ययन गर्न एक सशक्त आधार प्रदान गर्दछ । यो अध्ययनले नेपाललाई प्रिज्म्याटिक समाजको रूपमा चित्रण गरेको छ, जहाँ पारम्परिक र आधुनिक दुवै प्रशासनिक अभ्यासहरू मिसिएका छन् । नेपाल लोकतान्त्रिक शासनको अभ्यासमा लामो समयदेखि रहेपनि रिग्सले वर्णन गरे जस्तो मुलुक संक्रमणकालीन चरणमा नै रुमल्लिरहेको देखिन्छ। परम्परागत शक्तिको स्थायित्व, विशेषज्ञताको कमी, नातावाद, कृपावाद जस्ता विकृतिहरूले मुलुक आक्रान्त बनेको छ । नेपालका सार्वजनिक संस्थानहरूमा भागबण्डाको आधारमा गरिएको नियुक्तिले सरकारप्रति जनताको विश्वास दिनदिनै घटिरहेको छ । नेपालको लोकतान्त्रिक संरचना कायम रहँदा पनि, राष्ट्रले पारदर्शिता, जवाफदेहिता, र जनसहभागिताका चुनौतीहरू पार गर्दै विखण्डित समाजको आदर्श प्राप्त गर्नुपर्ने आवश्यकता छ । नेपालको राजनीतिक विकासलाई बुझ्न रिग्सको प्रिज्म्याटिक मोडेल एक महत्त्वपूर्ण उपकरण हो ।

*मुख्य शब्दावली* **:** फ्यूज्ड सोसाइटी, डिफ्रयाक्टेड सोसाइटी, प्रिज्म्याटिक सोसाइटी, तुलनात्मक सार्वजनिक प्रशासन

Article's information: Manuscript received : 2024/09/07, Date of review: 2024/12/15, Date of manuscript acceptance: 2025/02/06 Publisher: Sahayaatra, Nepal, Bhojpur, DOI : https://doi.org/10.3126/sahayaatra.v8i1.81052
Homepage: https://www.nepjol.info/index.php/sahayaatra. Copyright (c) 2025 Sahayaatra Journal.
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## परिचय

सार्वजनिक प्रशासनका प्रभावशाली अमेरिकी विद्वान फ्रेड डब्ल्यू रिग्सले आफ्नो महत्त्वपुर्ण कृतिहरू अग्रिया र इन्डस्ट्रिया: टुवार्ड अ टाइपोलोजी अफ कम्पेरेटिभ एडमिनिस्ट्रेसन (१९५७), द इकोलोजी अफ पब्लिक एडमिनिस्ट्रेसन (१९६१), र एडमिनिस्ट्रेसन इन डेभलपिङ कन्ट्रिज (१९६४) प्रकाशन गरेका छन् । रिग्सले आफ्नो जीवनभर विकासशील देशहरूमा प्रशासनिक संरचना र व्यवहारहरूको विश्लेषणका लागि एक प्रामाणिक मोडेल विकास गर्ने प्रयास गरेका छन् । उनले परिस्थितिकीय दृष्टिकोणको वकालत गर्दै प्रशासनिक प्रणालीहरू उनीहरूको भौतिक, सामाजिक, र सांस्कृतिक वातावरणद्वारा आकार दिइएको छ भन्ने कुरा प्रस्ट पारेका छन् । रिग्सले सुरुमा फ्युज्ड–प्रिज्म्याटिक–डिफ्रेक्टेड मोडल प्रस्तुत गरेका छन्, जसले प्रशासनिक प्रणालीको विकासक्रमलाई देखाउँछ । यो मोडेललाई पछि परिष्कृत गर्दै, उनले सार्वजनिक प्रशासन र संगठनात्मक गतिशीलताको अध्ययनमा गहिरो प्रभाव पारेका छन् (बासु, २०२१) । रिग्सले सामाजिक रूपान्तरणको गतिशीलतामा गहिरो ध्यान दिएका छन् । उनले परम्परागत समाजबाट आधुनिक समाजको विकास र तिनका भिन्नताबारे गहिरो प्रश्न उठाएका छन् । आफ्नो प्रिज्म्याटिक मोडेलमार्फत उनले विशेष गरी विकासशील देशहरूलाई अर्थो प्रिज्म्याटिक भनेर वर्गीकृत गरेका छन्, जहाँ आंशिक भिन्नता र अपूर्ण एकीकरणका विशेषताहरू देखिन्छन्। रिग्सले संक्रमणकालीन समाजमा प्रशासनिक व्यवहारलाई स्पष्ट गर्न राजनीति, कानुन, अर्थशास्त्र, र मनोविज्ञान जस्ता क्षेत्रलाई

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

समेटेर अध्ययन गरेका छन् । उनले विकासशील देशहरूको अनुभवबाट सार्वजनिक प्रशासनका महत्त्वपुर्ण सिद्धान्त प्रतिपादन गरेका छन् । रिग्सले राजनीति, कानून, अर्थशास्त्र र मनोविज्ञानलाई समेट्ने अन्तरविषयक अनुसन्धानको माध्यमबाट, रिग्सले विविध परिदृश्यहरूमा प्रशासनिक व्यवहारहरू बुझ्ने र भविष्यवाणी गर्ने काम गरे। उनले विकासशील देशहरूबाट लिइएको अनुभवजन्य आधारलाई जोड दिए र सिद्धान्तहरूलाई आकार दिए जसले आज सार्वजनिक प्रशासनमा महत्त्वपूर्ण सिद्धान्त बनेको छ ।

**समस्याकथन**

एसिया, अफ्रिका, र लेटिन अमेरिकाका धेरै मुलुकहरूले साम्राज्यवादको अन्त्य गरी लोकतान्त्रिक शासन प्रणाली अपनाए पश्चात नेपालमा पनि लोकतान्त्रिक आन्दोलनबाट राणा शासनको अन्त भई प्रजातन्त्रको उदय भएको थियो। यस पश्चात नेपालमा प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतान्त्रिक व्यवस्थाको सुरुवात भएको पनि लामो समय भइसकेको छ । आधुनिक शासन प्रणाली अनि थुप्रै लोकतान्त्रिक संस्थाहरूको निर्माण भएता पनि सार्वजनिक संस्थाहरू व्यवहारिक रुपमा लोकतान्त्रिक बन्न नसकेको र जनताले लोकतन्त्रलाई सही रुपमा उपभोग गर्न नपाएको अवस्था छ । नेपालको राजनीतिक यथार्थले विकासमा ठुलो चुनौतीको प्रश्न खडा गरेको छ । मुलुकले लोकतान्त्रिक प्रणाली स्थापनाको दिशामा महत्त्वपूर्ण फड्को मारेको भए तापनि अझै पनि एक विकसित समाजको आदर्श प्राप्त गर्न थुप्रै अवरोधहरूको सामना गरिरहेको छ । नेपालको राजनीतिक विकासक्रमका लागि पारदर्शिता, जवाफदेहिता, जनसहभागिता र संस्थागत प्रभावकारिता अभिबृद्धिकालागि राजनीतिक नेतृत्वको मौन छ । रिग्सले यो सिद्धान्तमा उल्लेख गरेजस्तै नेपालमा थुप्रै संरचनाहरूको निर्माण भए तापनि यसको कार्यान्वयन पक्ष कमजोर छ र पुराना मूल्य मान्यताहरू त्याग्न सकेको छैन । नयाँ विकृतिहरूले व्यवस्थालाई अझ कमजोर बनाइरहेको र आधुनिक संरचनाहरूले काम गर्न नसकेको अवस्था देखिन्छन। यो अध्ययनमा रिग्सको प्रिज्मेली सोसाइटीका विशेषताहरू र नेपालसँग यसको तारतम्यताको बारेमा अध्ययन गर्न खोजिएको छ । यो

प्रस्तुत अध्ययनको उद्देश्य रिग्सको प्रिज्म्याटिक मोडलको व्याख्या र नेपालि समाजको राजनीतिक र प्रशासनिक अवस्थाको संरचनात्मक तथा कार्यात्मक स्वरूपले रिग्सको प्रिज्म्याटिक मोडलसँग कतिको मेल खान्छ भन्ने बारेमा अध्ययन गरिएको छ ।

## अनुसन्धान विधि

प्रस्तुत अध्ययनमा द्वितीय तथ्यांकमा आधारित, गुणात्मक पद्धति र वर्णनात्मक विधि अपनाइएको छ । यसको लागि विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा प्रकाशित सामग्रीहरूको गहन अध्ययन गरीएको छ ।

**सैद्धान्तिक व्याख्या**

यो अध्ययन संरचनात्मक कार्यात्मक विश्लेषणमा आधारित रहेको छ । रिग्सले प्रिज्म्याटिक सोसाइटीको मोडल प्रस्तुत गर्दा संरचनात्मक कार्यात्मक विश्लेषणलाई प्रयोग गरिएको पाइन्छ।उनले विभिन्न अल्पविकसित तथा विकासशील राष्ट्रहरूको अध्ययन गर्दा ती मुलुकहरूका प्रशासनिक संरचनाहरू र त्यसको व्यावहारिक पाटोलाई व्याख्या गरेका छन् । धेरै अल्पविकसित तथा विकासशील राष्ट्रहरूले आधुनिक संरचनाहरूको निर्माण गरेको तर त्यसको व्यावहारिक वा कार्यात्मक अवस्था कमजोर रहेको देखिएको छ ।

स्ट्रक्चरल फङ्क्शनलिज्म वा संरचनात्मक कार्यात्मक सिद्धान्तले समाजलाई जटिल प्रणालीको रूपमा लिन्छ, जसमा समाजका विभिन्न भागहरू मिलेर ऐक्यबद्धता र स्थिरता कायम गर्न योगदान गर्छन्। यस अनुसार परिवार, शिक्षण प्रणाली, र अर्थतन्त्रजस्ता संरचनाहरूले समाजलाई सुचारुरूपमा सञ्चालन गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् । विभिन्न सामाजिक संघसंस्थाहरू मानिसहरूका आवश्यकताहरू पूरा गर्न र समाजको सन्तुलन कायम राख्न सधैं सक्रिय रहन्छन्। उदाहरणका रूपमा, शिक्षण प्रणालीले युवाहरूलाई भविष्यमा उनीहरूको भूमिका निर्वाह गर्न तयार पार्छ भने अर्थतन्त्रले

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

आवश्यक स्रोतहरू उपलब्ध गराउँछ । समाजिकिकरण प्रक्रियाहरूले व्यक्तिहरूलाई सामाजिक मूल्यमान्याताहरू आत्मासात गरी अपनाउन सिकाउँछन्, जसले सामाजिक नियमहरूको पालन भइ मुलुकमा शान्ति र व्यवस्था कायम रहन्छ (किंग्सबरी र स्क्यान्जोनी, २००९)।

**परिणाम तथा छलफल**

रिग्सले सन् १९६२ मा राजनीतिक प्रशासनको विश्लेषण गर्ने क्रममा विकासशील मुलुकहरूलाई प्रिज्मेली समाजसंग तुलना गर्दै प्रिज्म्याटिक मोडल निर्माण गरे ।

***प्रिज्मीय समाजको किसिम एकीकृत समाज वा फ्युज्ड सोसाइटी***

उनले यो मोडल अनुसार समाजलाई निम्न ३ किसिमले व्याख्या गरेका छन् ।

१. एकीकृत समाज वा फ्युज्ड सोसाइटी (Fused Prismatic Society)

रिग्सका अनुसार फ्युज्ड समाजमा सोच र संरचना दुवै परम्परागत् हुन्छन् । समाज अविकसित भएकोले आर्थिक, सामाजिक, राजनैतिक, प्रशासनिक आदि संरचना कमजोर हुन्छन् । माथिको चित्रमा देखाइएको शुरुको सेतो किरणले यस किसिमका समाजको प्रतिनिधित्व गर्छ । यसमा आर्थिक, सामाजिक, सास्कृतिक तथा राजनीतिक आदि सम्पूर्ण कार्य एकै व्यक्ति, परिवार वा संस्थाबाट मात्र सञ्चालित वा नियन्त्रित हुन्छ । यस्तो समाजमा कानुनको कुनै अर्थ रहँदैन, लोकतन्त्रको कुनै आभास हुदैन, शासन गर्ने व्यक्तिको चाहना नै शासन सञ्चालनको प्रमुख हतियार हुन्छ । यस किसिमको शासन प्रणालीमा प्रजातान्त्रिक मुल्य मान्यताको कुनै ख्याल हुदैन र कसैले विरोध पनि गर्न सक्दैन ।

परम्परागत राजसस्था र तानाशाही शासन व्यवस्था यस किसिमको समाजका उदाहरण हुन् । प्रशासनिक, राजनीतिक, आर्थिक तथा अन्य कृयाकलापहरू राजा वा शासकले मनोनित वा नियुत्त गरेका पदाधिकारीहरूले मात्र गर्थे । राजालाई जनताले सेवा तथा भौतिक पदार्थ उपलब्ध गराएर सम्मान जनाउने र आदेश पालना गर्थे । अहिलेका उत्तर कोरियाली तानाशाह किम जोनको शासन प्रणालीलाई यस अन्तर्गत लिन सकिन्छ ।

२. विभाजित समाज वा डिप्र्याक्टेड सोसाइटी (Defracted Society)

रिग्सका अनुसार डिप्र्याक्टेड समाज अत्यन्त गतिशील हुन्छ जहाँ शासन् व्यवस्था र शासकहरूका काम गर्ने सोच र शैली दुवै आधुनिक लोकतान्त्रिक हुन्छन् । माथिको चित्रमा सप्तरंगी इन्द्रेणीको झैं सात रंगले सरकारको विभिन्न निकायको कार्यलाई स्पष्ट पार्छ । शासन प्रणालीमा पारदर्शी तथा स्वतन्त्र निकायहरू हुन्छन् । सरकार जनताका आवश्यकता र अधिकारप्रति संवेदनशील हुन्छ । कानूनको सम्मान हुनुको साथै संरचनाहरू व्यवस्थित र आधुनिक हुन्छन् । यो समाजमा जनताको पहुँच हुने तथा निर्णय प्रकृया र कार्यन्वयन पक्षमा जनताको सहभागिता हुने र समानता कायम हुन्छ । संरचना अनुसार तोकिएको निकायले सही किसिमले कार्य गर्छ ।

जनप्रतिनिधिहरू सत्तामा पुगेपछि जनतालाई दिएका वाचाहरू पुरा गर्न लाग्दछन् । शासन संचालन गर्नेहरू सरल जीवन बिताउछन् र जनताको स्वतन्त्रता र लोकतान्त्रिक संस्थाहरूको संस्थागत विकासको लागि काम गर्दछन् । अहिलेको नर्वे, स्विडेन, डेनमार्क, बेलायत जस्ता विकसित मुलुकमा यस किसिमका समाजका उदाहरण हुन् जहाँ राज्य व्यवस्था निश्चित लोकतान्त्रिक मापदण्ड अनुसार चलेको हुन्छ । आफ्नो निहित स्वार्थ भन्दा माथि उठेर लोकतान्त्रिक व्यवस्थाको सुदृढिकरण र मुलुकको समग्र विकासको लागि काम गर्छन् ।

३. प्रिज्मीय समाज वा प्रिज्म्याटिक सोसाइटी (Prismatic Society)

फ्रेड रिग्सले संरचनात्मक कार्यात्मक दृष्टिकोणमा आधारित प्रभावशाली प्रिज्म्याटिक मोडेल प्रस्ताव गर्दै वातावरण र प्रशासन बीचको अन्तरक्रियाको विस्तृत रूपमा अध्ययन गरे। यस मोडेलले विभिन्न सामाजिक संरचनाहरू भित्र सार्वजनिक प्रशासनले कसरी काम गर्छ भनेर अन्वेषण गर्दछ । विकसित देशहरू भन्दा फरक सन्दर्भमा विकास

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

प्रशासनलाई जोड दिँदै रिग्सले सन् १९६४ मा विकासशील देशहरूमा प्रशासन् नामक पुस्तकमा प्रिज्म्याटिक समाजको सिद्धान्तको व्याख्या गरेका छन् (बासु, २०२१) । यसमा समाज न त पूर्णतया फ्युज भएको हुन्छ न त पूर्णतया डिप्रयाक्टेड भएका हुन्छन । उनले प्रिज्म्याटिक समाजलाई फ्युज्ड र डिप्रयाक्टेड समाज बीचको मध्यवर्ती रूपमा प्रस्तुत गरेका छन् । चित्रमा सेतो फ्युज्ड रंगले एकीकृत संरचनाहरू भएका परम्परागत समाजहरूलाई प्रतिनिधित्व गर्दछ । प्रिज्मबाट निस्किसकेपछिको विच्छेदित प्रकाशले डीप्रयाकेड समाजलाई जनाउछ । यसले विभिन्न कार्यहरूका अलग अलग संस्थाहरू भएका आधुनिक समाजको प्रतिनिधित्व गर्दछ । रिग्सले प्रिज्म्याटिक समाजलाई सूर्यको सेतो प्रकाश प्रिज्मबाट गुज्रने अवस्थासंग तुलना गरेका छन् जुन स्पस्ट हुदैन। प्रिज्मले विकासशील राष्ट्रहरूको संक्रमणकालीन अवस्थालाई प्रतिबिम्बित गर्दछ । यस सिद्धान्तमा, रिग्जले औपनिवेशिकताको समयमा लगाइएका उच्च विभेदित र अपेक्षाकृत स्वायत्त पश्चिमी संगठनात्मक मोडहरू र कम विभेदित स्वदेशी संगठनात्मक संरचनाहरू बीचको द्वन्द्वलाई स्पष्ट पार्न खोजेका छन् (हार्बर, १९९३)।

प्रिज्म्याटिक समाजमा सैद्धान्तिक रुपमा डिप्रयाक्टेड समाजका जस्ता विभिन्न संरचनाहरू भए तापनि कार्यान्वयन पक्ष फ्युज्ड समाज जस्तै हुन्छ । जसरी प्रिज्मले भ्रमित गर्छ, त्यसै गरी प्रिज्म्याटिक समाजका सैद्धान्तिक र संरचनागत व्यवस्थाले पनि दिग्भ्रमित पारेको हुन्छ ।  चित्रको बीचमा रहेको प्रिज्मले यो समाजलाई प्रतिनिधित्व गर्दछ । यो समाजमा आधुनिक लोकतान्त्रिक संविधान, संस्था, मन्त्रालय, निकाय, विभागहरू हुन्छन् तर संस्थागत रुपमा यसको विकास नभएकोले काम गर्न सकेको हुँदैन। नेपाल र अन्य विकासोन्मुख देशहरूमा सैद्धान्तिक रूपमा सबै संरचनाहरू निर्माण भए पनि कार्यान्वयनको पक्ष अत्यन्त कमजोर छ । एउटा संस्थाले कुनै काम गर्ने भनेर तोकिएको हुन्छ, तर त्यो अन्यत्रैबाट नियन्त्रित र संचालित हुन्छ (बासु, २०२१) ।

***प्रिज्म्याटिक समाजका विशेषताहरू (Features of Prismatic Society)***

प्रिज्म्याटिक समाजको विशेषताहरू संक्षेपमा निम्नानुसार व्याख्या गरिएको छ । प्रिज्म्याटिक समाजका विशेषताहरू निम्नानुसार संक्षेपमा वर्णन गर्न सकिन्छ।

विविधता (Diversity/Hetroginity)

प्रिज्म्याटिक समाजमा विविधता हुन्छ । शहर र गाउँबीचको जीवनशैली, जीवनस्तर र वातावरणमा ठूलो भिन्नता हुन्छ । यसमा शहरमा उच्च जीवन शैली, शिक्षित व्यक्तिहरूको समूह, पश्चिमी शैली, ठूला अस्पतालहरू, स्कूलहरू, कलेजहरू, वातानुकूलित घरहरूको आधुनिक सुविधाहरू, चिल्ला सडकहरू र यातायातका साधनहरू आदि समावेश छन् । यस गाउँले परम्परागत रूपमा सडक, यातायात, बिजुली, स्वास्थ्य, शिक्षा, र रोजगारी, गरिबी र जीवनको अभाव प्रयोग गर्दछ । यस्तो समाजमा शक्तिशालीहरूले ठूलो राजनीतिक र प्रशासनिक ओहदा ओगटेका हुन्छन् । रोजगारीका अवसरहरू सबैका लागि खुला भए तापनि उनीहरूले आफ्नो काम गर्छन्। नेपालमा सहर र गाउँको विकासमा ठूलो भिन्नता छ ।

औपचारिकता (Formality)

औपचारिक संरचनाले सुशासनका लागि सराहनीय नियम, कानुन र सिद्धान्तहरू प्रस्तुत गर्छ। तर यी आदर्शहरूको कार्यान्वयन पक्ष कमजोर हुन्छ । प्रशासनमा मेरिटोक्रेसीको आधारमा नियुक्ति गरिन्छ, तर व्यवहारमा ती नियुक्त व्यक्तिहरूले अपेक्षित स्तरको काम प्रस्तुत गर्न सकिरहेका हुँदैनन् । वर्ग, जात, धर्म, र नातावादले प्रश्रय पाउँदै आएको हुन्छ । भ्रष्टाचार व्यापक हुन्छ, जसले गर्दा प्रशासनिक अक्षमताका कारण परियोजनाहरूको काममा ढिलाइ हुने गर्छ। सैद्धान्तिक अपेक्षाहरू र वास्तविक परिणामबीच ठूलो असमानता हुन्छ (वासु, २०२१) । सुशासनको अभ्यासलाई अगाडि बढाउन भइरहेका निरन्तर बहस र नीतिगत प्रयासका बाबजुद, नेपाल अझै व्यापक भ्रष्टाचार र प्रणालीगत अक्षमतासँग जुधिरहेको छ, जसले विभिन्न क्षेत्रहरूलाई प्रभावित गरिरहेको छ ।

**अधिकरण** (Overlapping)

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

अधिकरणले गैरशासनिक तत्वहरूद्वारा प्रभावित प्रशासनिक व्यवहारलाई बुझाउँछ । यसले यस्तो अवस्थालाई वर्णन गर्छ जहाँ फरकफरक विच्छेदित आधुनिक सामाजिक संरचनाहरू र एकीकृत परम्परागत संरचनाहरूसँग सहअस्तित्वमा रहन्छन्। उदाहरणका लागि, संसदीय व्यवस्था, संवैधानिक निकायहरू, र विभिन्न सरकारी कार्यालयहरू अस्तित्वमा भए तापनि निर्णय र व्यवहार अझै पनि पारिवारिक सम्बन्ध, नजिकको विचार, धार्मिक विश्वास, र जातीय सम्बन्ध जस्ता तत्वहरूद्वारा प्रभावित हुन्छन् । यस्तो किसिमको अतिवादी प्रभावले आधुनिक प्रशासनिक अभ्यास र शासन संरचनामा पूर्ण रूपमा संक्रमणको सृजना गर्दछ, आधुनिक संरचनाहरू भएतापनि ती संरचनाहरूले सही ढंगले कार्य गर्न सकिरहेका हुँदैनन् ।

**नातावाद** (Nepotism)

नातावादले प्रिज्म्याटिक समाजमा प्रशासनिक तथा राजनीतिक नियुक्तिमा ठूलो प्रभाव पार्छ । जसले त्यस्ता निर्णयहरूलाई आदर्श रूपमा नियन्त्रण गर्ने मेरिटोक्रेसीका प्रक्रियाहरूलाई कमजोर पार्छ। विभिन्न संस्थाहरूमा नियुक्तिको लागि आधिकारिक प्रक्रियाहरू अपनाइए पनि, अक्सर नातेदारहरू, परिवारका सदस्यहरू र साथीहरूलाई प्राथमिकता दिइन्छ। यो अभ्यास संस्थाहरूको निष्पक्ष र प्रभावकारी कामकाजको लागि हानिकारक हुन्छ । अल्पविकसित तथा विकासशील राष्ट्रहरू लोकतन्त्रमा रूपान्तरण भएर आधुनिक शासन प्रणाली अँगालेको भए तापनि नातावाद र पक्षपातको जरा गाडेको कारण यो अभ्यास भने कायमै छ । लोकतान्त्रिक मूल्यमान्यताबाट यी पुराना व्यवहारहरू उन्मूलन हुनुको साटो अनुकूलित र विकसित भएका छन् । यसबाहेक धनवाद (धनको प्रभाव) र डोनिज्म (आपराधिक तत्वहरूको प्रभाव) जस्ता भ्रष्टाचारका नयाँ रूपहरू बढ्दै छन् । आधुनिक भ्रष्ट अभ्यासहरू फस्टाउँदै गएका छन्, जसले नेपाल जस्ता मुलुकहरूको शासन र प्रशासनलाई थप कम्जोर बनाइरहेको छ ।

**साला मोडल** (SALA Model)

प्रिज्म्याटिक मोडेलको प्रशासनिक उपप्रणालीलाई साला मोडेलको रूपमा चिनिन्छ। स्पेनी भाषामा सालाले सरकारी कार्यालय, धार्मिक सम्मेलन, कोठा वा मण्डप आदिलाई जनाउँछ । यस मोडेलको प्रशासनिक प्रणाली अद्वितीय हुन्छ, किनकि यसले डिफ्र्याक्टेड र फ्यूज्ड समाज दुवैको लक्षणहरू प्रदर्शन गर्दछ । डिफ्र्याक्टेड समाजमा प्रशासनिक प्रणालीलाई ब्यूरोको रूपमा उल्लेख गरिएको हुन्छ । फ्यूज्ड समाजमा यसलाई चेम्बरू भनिन्छ। साला मोडेलले ब्यूरो र चेम्बर दुवैका तत्वहरू समावेश गर्छ। तर, ब्यूरोहरूको विशेषताका लागि प्रशासनिक तर्कसंगतता र दक्षता आवश्यक हुन्छ । तर प्रिज्म्याटिक समाजमा दक्षता र क्षमतालाई भन्दा सत्तामा रहेका व्यक्तिहरूको परिवार र नजिकका मानिसहरूको फाइदामा बढी ध्यान दिइन्छ।प्रशासनिक नियुक्ति र बढुवा आदि कार्यहरूमा नातावाद र पक्षपातलाई बढावा दिइन्छ। साला मोडेलले सामाजिक कल्याणभन्दा व्यक्तिगत शक्ति र सम्पत्ति बढाउन प्राथमिकता दिन्छ। प्रिज्म्याटिक समाजको प्रशासन सिद्धान्ततः न्यायिक जस्तो देखिए पनि व्यवहारमा न्यायिक छैन । नेपाली समाजले पनि त्यही चरित्रलाई चित्रण गरेको छ (ह्यान्सन, १९६९) ।

**बहु-सम्प्रदायवाद** (Multi-sectarianism)

बहुसम्प्रदायवाद एक जटिल र विवादास्पद अवधारणा होस विभिन्न विद्वानहरूले यसलाई विभिन्न दृष्टिकोणबाट हेर्छन्। कसैले साम्प्रदायिकतालाई समाजभित्र पूर्वनिर्धारित, कठोर साम्प्रदायिक वर्गहरूको अस्तित्वको रूपमा परिभाषित गर्छन्। यस दृष्टिकोणअनुसार, यी निश्चित वर्गले समाजमा बिभिन्न समूहहरू बीच राजनीतिक, सांस्कृतिक वा धार्मिक द्वन्द्व निम्त्याउछन् । यहाँ साम्प्रदायिकतालाई सामाजिक संरचनामा अन्तर्निहित र गहिरो रूपमा गाँसिएको हुन्छ जसले स्थायी र अक्सर असभ्य विभाजनहरू निम्त्याउँछ । अन्यले साम्प्रदायिकतालाई विभाजनको स्थिर समूहको रूपमा होइन तर सामाजिक अभ्यासको गतिशील समूहको रूपमा लिन्छन्। यस दृष्टिकोणमा दैनिक जीवन साम्प्रदायिक मानदण्ड र नियमहरूको वरिपरि व्यवस्थित छ, जुन मानिसहरूले योजना बनाएर खोज गर्न र समाधान निकाल्न सक्छन्। यस परिप्रेक्ष्यले

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

साम्प्रदायिक पहिचानलाई आकार दिन र पुनर्संरचना गर्न व्यक्तिगत र सामूहिक संघ सस्थाहरूको भूमिकामा जोड दिन्छ। तसर्थ, साम्प्रदायिकतालाई स्थिर रूपमा होइन तर तरल र सह संरचनात्मकको रूपमा हेरिन्छ, जसको अर्थ यो हो कि सीमाहरू र पहिचानहरू निरन्तर सामाजिक अन्तरक्रियाको माध्यमबाट बनाइएका र पुनस् निर्माण भइरहेका हुन्छन। यी भिन्न दृष्टिकोणहरूले साम्प्रदायिकताको जटिलतालाई उजागर गर्दछ र सुझाव दिन्छ कि यसलाई ऐतिहासिक र सामाजिक विभाजनमा जरा गाडेको संरचनात्मक घटनाको रूपमा बुझ्न सकिन्छ र व्यक्ति र समूहको सक्रिय सहभागिता र एजेन्सी समावेश गर्ने प्रक्रियाको रूपमा बुझ्न सकिन्छ ।

प्रिज्म्याटिक समाजमा सम्पूर्ण जनताको हित लागि वकालत गर्नुको साटो केही जातीय वा साम्प्रदायिक समूहको लागि राजनीति गरिन्छ । विभिन्न आधुनिक समूहहरूले परम्परागत तरिकाले काम गरिरहेका छन् । नेपालमा पनि खुला राजनीतिका नाममा धेरै जातीय र साम्प्रदायिक समूहहरू दबाब समूहका रूपमा उदाएका छन्, जसले नागरिकको सट्टा आफ्नो समूहको मात्र वकालत गर्छन् । यहाँ जाति र समुदायको नाममा राजनीति गरिन्छ, न कि गरिब र पिछडिएका वर्गको सर्वाङ्गीण कल्याण र उत्थानका लागि लोकतन्त्र हुनुपर्छ।

अनियन्त्रित बजार र बजार केंटिन मोडेल (Bazzar Canteen Model)

प्रिज्म्याटिक समाजको बजार अनियन्त्रित तरिकाले चल्छ, जसलाई बजार क्यान्टिन मोडल पनि भनिन्छ। मूल्यको अनिश्चितता, आपूर्ति र मागको उतारचढाव, वस्तु तथा सेवाको अनियमित व्यापार लगायत बजार अस्थिरतामा विभिन्न नकारात्मक कारकहरूले योगदान पुर्याउछन् । कर छली, कालोबजारी र उत्पादनमा मिसावट जस्ता मुद्दाहरू व्याप्त छन्, जसले उच्च मुद्रास्फीति हुन्छ । यस्तो समाजमा, आपूर्ति र मागको परम्परागत नियमहरूले मूल्यलाई प्रभावकारी रूपमा नियमन गर्दैन, जसले गर्दा अक्सर बजार लेनदेनमा अँगालो हाल्ने र मोलमोलाई "हगिंग एंड बार्गेनिङ" सामान्य हुन जान्छ (वासु, २०२१) ।

***नेपाली समाजमा प्रिज्म्याटिक चरित्र चित्रण***

करिब ७५ वर्षअघि रिग्सले बनाएको यो सिद्धान्त अहिले पनि नेपाल र अन्य विकासोन्मुख देशहरूको राजनीति, प्रशासन, र समाजको अध्ययन गर्न महत्त्वपूर्ण छ । प्रिज्म्याटिक समाजका सबै विशेषताहरू नेपालमा लागू हुन्छन् । यस समाजमा नयाँ मूल्य र मान्यता अघि सारिन्छ, तर व्यवहारमा पुरानै मान्यताले जरा गाडेको हुन्छ । नेपालसँग आधुनिक लोकतान्त्रिक संविधान छ, तर शासन प्रणाली उल्टो छ । संघीय लोकतान्त्रिक गणतन्त्रसहितको समावेशी राज्य प्रणाली रहेको छ, जहाँ विभिन्न सरकारी निकायका जिम्मेवारीहरू तय गरिएका छन् । जनप्रतिनिधिहरू चुनाव जितेर सत्तामा आउँछन्, र संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहका सरकारहरू छन् । संरचनाहरू बनेका छन्, तर अझै धेरै काम गर्न बाँकी छ ।

नेपालमा आधुनिक र सुसंस्कृत कुरा गरिन्छ, तर पुराना मूल्य र मान्यतालाई छाड्न सकिएको छैन। यहाँ स्वतन्त्र अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, मानव अधिकार आयोग जस्ता संवैधानिक निकायहरू र विभिन्न मन्त्रालय छन् । तर यी संरचनाहरूमा पार्टीगत भागबन्डा र पैसाको चलखेलले नियुक्ति हुन्छ, जसले गर्दा स्वतन्त्र रूपमा काम गर्न सक्दैनन् । राजनीति, कानुन र प्रशासनमा अदृश्य शक्तिहरूको प्रभाव छ । जनताले भर गर्न सक्ने संस्था बन्न सकेका छैनन्, र भएका संस्थाहरूले पनि जनविश्वास गुमाउँदै गएका छन् । चुनावको बेला नेताहरूले कृषिको आधुनिकीकरण, मलखादको पहुँच, रोजगारी सिर्जना, र शिक्षामा सुधारको वाचा गर्छन्। तर, चुनाव जितेपछि जनतासँग गरिएका वाचाहरू पूरा गर्दैनन् ।

नेपालको राजनीतिमा यति मात्रै नभएर राजनीतिमा अपराधीरण, व्यापारीकरण, दलालीकरण र ठेकदारीकरणले राजनीतिक नेतृत्व उत्पादन गर्ने स्रोतहरू नै बिस्तारै धुमिल हुँदै गएका छन् । हरेक काममा ओभरल्यापिङको अवस्था रहेको छ, एउटै विषयलाई विभिन्न ठाउँबाट नियन्त्रण गरिन्छ जस्तै शिक्षालाई शिक्षा मन्त्रालय, युनिभर्सिटी ग्रान्ड कमिसन,

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

विश्वविद्यालय लगायतले नियन्त्रण गर्दछन् । त्यसैगरी स्कुलको शिक्षालाई सञ्चालक समिति, हेडमास्टर, स्थानीय सरकार र केन्द्र सरकारले पनि हेर्ने गर्दछ । बजारको मूल्य नियन्त्रित हुदैन । फ्युज सोसाइटीमा बजारमा निश्चित मूल्य हुन्छ भने प्रिजमेटिक सोसाइटीमा हुने माग र आपूर्तिमा फरक पर्ने, बजारमा बार्गेनिङ र कालो बजारी आदि जस्ता समस्याहरू नेपालमा पनि यथावत देखिन्छ ।

फ्रेड डब्लु रिग्सको एकीकृत समाजको अवधारणामा नेपालमा अविभाजित संरचना, पारम्परिक अधिकार, विशेषज्ञताको कमी, एकरूपता र अनौपचारिक सम्बन्धहरू देखिन्छ। यहाँ राजनीतिक, आर्थिक र सामाजिक भूमिका प्रायः एकअर्कासँग जोडिएका हुन्छन् । स्थानीय नेताहरूले शासन र व्यापारमा सक्रिय रूपमा भाग लिन्छन्, जसले गर्दा सामाजिक कार्यहरूबीच छुट्टैपन कम हुन्छ । अधिकार प्रायः परम्परागत र वंश परम्पराबाट आउँछ, जसले गर्दा धेरैजसो राजनीतिक व्यक्तिहरू ठूला परिवारबाट आएका हुन्छन् भने यसले राजनीतिमा परिवारको प्रभावलाई देखाउँछ ।

नेपालमा सामाजिक भूमिका र संस्थाहरूलाई अझ विशेषज्ञताको आवश्यकता छ । सरकारी अधिकारीहरूले प्रशासनदेखि सामुदायिक कार्यक्रमसम्म विभिन्न जिम्मेवारी बहन गर्दा, जिम्मेवारीमा ओभरल्याप हुन्छ, जसले थप स्पष्ट भिन्नताको आवश्यकतालाई देखाउँछ । सामाजिक मान्यताहरू धेरैजसो हिन्दू र बौद्ध धर्मबाट प्रभावित छन्, जसले साझा सांस्कृतिक ढाँचा र मूल्यहरू निर्माण गरेको छ । अनौपचारिक सम्बन्ध र संरक्षण सञ्जालले राजनीतिक र प्रशासनिक प्रक्रियामा ठूलो प्रभाव पार्छ। यहाँ व्यक्तिगत र पारिवारिक सम्बन्धले सरकारी नियुक्ति र स्रोतको बाँडफाँडलाई नियन्त्रण गर्छ, जसले योग्यताभन्दा वफादारीलाई प्राथमिकता दिन्छ ।

**निष्कर्ष**

नेपालमा लोकतन्त्रलाई ठूलो चुनौती सामना गर्नुपरेको छ । अहिलेको राजनीति यति फोहोरी छ कि राजनीतिक नेतृत्व र तिनका स्रोतहरू दुवै विषालु बनेका छन् । राजनीतिक दल र तिनका नेताहरूले मुलुकलाई गम्भीर संकटमा पुऱ्याएका छन् । शासकहरूले जनताको हितभन्दा आफ्ना व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिँदै राज्यकोषको दुरुपयोग गरेका छन्, जसका कारण जनताले रोजीरोटी र भविष्यको खोजीमा ठूलो संख्यामा विदेशतर्फ हानिएका छन् । जनताका समस्याहरू विकराल छन् । पर्दा पछाडि नातावाद, पक्षपात, कृपावाद, भ्रष्टाचार, कालोबजारी, तस्करी र अपराधका गतिविधिहरूले स्थिति झनै जटिल बनाएको छ । विकासको नाममा विदेशी सहायता स्वीकार गरिन्छ, तर यो रकमको ठूलो हिस्सा सत्तामा रहेकाहरूको व्यक्तिगत स्वार्थ, जस्तै कमिसन, भत्ता, सवारी साधन र अन्तर्राष्ट्रिय यात्रामा खर्च गरिन्छ। यसरी राष्ट्रिय हितभन्दा व्यक्तिगत लाभलाई प्राथमिकता दिइन्छ । यी समस्याहरू रिग्सले वर्णन गरेको प्रिज्म्याटिक सोसाइटीको स्वरूपलाई प्रतिबिम्बित गर्छ । नेपालमा लोकतान्त्रिक प्रणालीको स्थापना गर्दा केही प्रगति भएका छन्, तर अझै विभाजित समाजको आदर्श प्राप्त गर्न थुप्रै अवरोधहरूको सामना गर्नुपरेको छ । पारदर्शिता, जवाफदेही, जनसहभागिता र संस्थागत प्रभावकारिता अभिबृद्धिका लागि निरन्तर प्रयास आवश्यक छ । यी चुनौतीहरूको समाधान गर्न राजनीतिक नेतृत्व, विभिन्न संघसंस्थाहरू र नागरिकहरूको प्रतिबद्धता आवश्यक छ ताकि लोकतान्त्रिक र गतिशील शासन प्रणालीतर्फ अघि बढ्न सकोस्। शासकहरूले आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर लोकतान्त्रिक संस्कृतिलाई आत्मसात गरेर देश निर्माण गर्न सके भने, समाजलाई उत्कृष्ट मोडेलमा रूपान्तरण गर्न सकिन्छ ।

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

**सन्दर्भ सामग्रीहरू**

किंग्सबरी, एन. र स्क्यान्जोनी, जे. (२००९). स्ट्रक्चरल फंक्शनलिज्म. इनस् बॉस, पी., डोहर्टी, डब्लू. जे., लारोसा, आर., शुम्म, डब्लू.आर., र स्टाइनमेट्ज, एस. के. (सम्पादकहरू), सोर्सबुक अफ फ्यामिली थ्योरीज एन्ड मेथड्स. स्प्रिंगर. https://doi.org/10.1007/978-0-387-85764-0_9

गौस जे. एम. (१९४७). रिफ्लेक्सन अफ पब्लिक एड्मिनिस्ट्रेसन (पृ. १-१९). अलाबामा विश्वविद्यालय प्रेस.

बसु, आर. (२०२१). रिभिजिटिङ थ्रेड डब्लु रिक्स मोडल इन द कन्टेक्स्ट अफ प्रिज्म्याटिक सोसाइटीज टुडे. इन्डियन जर्नल अफ पब्लिक एडमिनिस्ट्रेशन, ६७(१), ८७–९५. https://doi.org/10.1177/00195561211005632

रिग्स, एफ.डब्ल्यू. (२००६). द प्रिज्म्याटिक मोडेलस् कन्सेप्चुअलाइजिङ ट्रान्जिसनल सोसाइटीज. ओटेन्यो, ई. ई., र लिन्ड, एन. एस. (सम्पादकहरू), कम्प्यारिटिभ पब्लिक एडमिनिस्ट्रेसन रिसर्च इन पब्लिक पोलिसी एनालाइसिस एण्ड म्यानेजेमेंट, खण्ड १५, (पृ. १७-६०). इमरल्ड ग्रुप पब्लिशिङ लिमिटेड, लीड्स. https://doi.org/10.1016/S0732-1317(06)15002-2

हार्बर, सी. (१९९३). प्रिज्म्याटिक सोसाइटी रिविजिटेडस् थ्योरी एण्ड एजुकेशनल एडमिनिस्ट्रेशन इन डेवलपिंग कंट्रीज. ऑक्सफोर्ड रिव्यू अफ एजुकेशन, १९(४), ४८५–४९७. https://doi.org/10.1080/0305498930190405

ह्यान्सन, ए. एच. (१९६९). प्लानिंग एण्ड द पोलिटिशियनस (पहिलो संस्करण). राउटलेज. https://doi.org/10.4324/9781003259784